"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित


## खण्ड ६ संख्याः २०

### गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८०/११/१३

### राजपत्रमा प्रकाशित मितिः २०८०/११/१४


## भाग २


आठराई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

संक्रान्तिबजार, तेह्रथुम

कोशी प्रदेश, नेपाल।

# आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

**<u>प्रस्तावनाः</u>** आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आठराई गाउँपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को दफा ८ मा संशोधनः-</u>** आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ को ८ मा समूह ग को क्र.सं. ४ पछि रहेका वाक्यांशको सट्टा देहायको वाक्यांश राखिएको छः-

"उपरोक्त समूहमा पर्ने बिरामीहरूलाई उपचार सहयोग खर्च सहयोग देहाय बमोजिम प्रदान गरिने छ।

१. समूह क मा पर्ने बिरामीहरूलाई उपचार खर्च रु. ३०,०००।—
२. समूह ख मा पर्ने बिरामीहरूलाई उपचार खर्च रु. २०,०००।—
३. समूह ग मा पर्ने बिरामीहरूलाई उपचार खर्च रु. १०,०००।—"

आज्ञाले,
श्री निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका